# MAP Growth को पारिवारिक मार्गदर्शक

शिक्षकसँग प्रत्येक विद्यार्थीलाई थाहा भएको र त्यसपछि सिक्न तयार भएको कुराको स्पष्ट तस्विर हुँदा—बालबालिकाहरूले अझ राम्ररी—र अझ छिटो सिक्छन्। त्यसैले शिक्षक र अनुसन्धानकर्ताहरूको समूहले उपलब्ध भएका केही एकदमै विश्वसनीय र भरपर्दो मूल्याङ्कनका समाधानहरू सिर्जना गर्ने गैर नाफामूलक संस्था, NWEA® स्थापित गर्यो। विश्वव्यापी रूपमा यु.एस. र 140 राष्ट्रहरूका 11 मिलियनभन्दा बढी विद्यार्थीहरूले MAP® Growth™ प्रयोग गर्छन्।

## यसले कसरी काम गर्छ

MAP Growth कम्प्युटर-अनुकूलनीय जाँच हो। तपाईंको बच्चाले प्रश्न सही तरिकाले जवाफ दिनुहुन्छ भने, अर्को प्रश्न थप चुनौतिपूर्ण हुन्छ। उहाँहरूले गलत तरिकाले जवाफ दिनुहुन्छ भने, त्यसपछिको प्रश्न अझ सजिलो हुन्छ। यस प्रकारको मूल्याङ्कनले सीपहरू ग्रेड स्तरभन्दा तल भएका विद्यार्थीहरूलाई दबाव नदिइ उत्कृष्ट प्रदर्शकहरूलाई चुनौती दिन्छ।




MAP Growth ले प्रत्येक विद्यार्थीकोलाई ग्रेड स्तरको प्रश्नबाट सुरु गर्छ र व्यक्तिगत कार्यसम्पादनका आधारमा कठिनाईको स्तर समायोजन गर्छ।

## यसले के मापन गर्छ

MAP Growth ले विद्यार्थीहरूको ग्रेड स्तरलाई ध्यान नदिइकन विद्यार्थीहरूले जानेको कुरालाई सही तरिकाले मापन गर्नको लागि RIT स्केल प्रयोग गर्छ। यसले विद्यालय वर्षभरी र बहु वर्षभरी नै तपाईंलाई आफ्नो बच्चाको प्रगति ट्र्याक गर्ने अनुमति दिएर समय समयमा विकास पनि मापन गर्छ। तपाईंको बच्चाले एकपटक MAP Growth जाँच पूरा गरेपछि, उहाँहरूले RIT स्कोर प्राप्त गर्नुहुन्छ।




RIT स्केलले विद्यार्थीहरूले ग्रेड स्तरमा, माथि वा तल कार्यसम्पादन गरेको वा नगरेको कुरालाई ध्यान नदिइकन तिनीहरूको कार्यसम्पादनलाई सही तरिकामा मापन गर्छ।

map GROWTH

## तपाईंको बच्चाको RIT स्कोर

RIT स्कोरहरूको ग्रेड स्तरहरूमा समान अर्थ हुन्छ। पठनमा चौंथो ग्रेडको विद्यार्थी र आठौं ग्रेडको विद्यार्थीको समान RIT स्कोर छ भने, त्यसोभए तिनीहरूलाई त्यो विषयमा समान स्तरमा जाँच गरिएको छ। यो स्थिर स्केलले शिक्षकहरूलाई विद्यालय वर्षभरी र समय समयमा सही रूपमा प्रत्येक विद्यार्थीको शैक्षिक विकास मापन गर्ने अनुमति दिन्छ।

तपाईंले आफ्नो बच्चालाई उहाँका लक्ष्यहरू पूरा गर्नमा मद्दत गर्नको लागि उहाँको RIT स्कोर प्रयोग गर्न सक्नुहुन्छ। उदाहरणका लागि, विद्यार्थीहरूले आफू प्रवेश गर्ने ट्र्याकमा रहेका कलेज र विश्वविद्यालयहरू हेर्नको लागि हाम्रो कलेज अन्वेषक उपकरणमा आफ्नो RIT स्कोरहरू प्रविष्ट गर्न सक्नुहुन्छ। तपाईंले विद्यार्थीहरूलाई पुस्तक सम्बन्धी सिफारिस र YourReadingPath.com र KhanAcademy.org जस्ता वेब-आधारित अभ्यासहरू उपलब्ध गराउन RIT स्कोरहरू प्रयोग गर्ने अनलाइन स्रोतहरूमा पनि हेर्न सक्नुहुन्छ।

> **“MAP Growth मेरो शिक्षक र मलाई आफूलाई कति थाहा छ भन्ने कुरा र आफ्नो प्रतिशतक विकास हेर्ने अनुमति दिने हुँदा यो महत्त्वपूर्ण छ। गणितमा, मेरो स्कोर 227 (70औं प्रतिशतक) हुने गर्थ्यो तर अहिले 240 (87औं प्रतिशतक) छ। मलाई आफूमा त्यति धेरै वृद्धि गर्ने क्षमता भएको कुरा थाहा थिएन तर अन्तिममा म थिए।”**
>
> **Kayla, छैठौं ग्रेड**
> Santa Ana, CA

### सामान्य प्रश्नहरू

| | |
|---|---|
| **विद्यालय र शिक्षकहरूले कसरी MAP Growth का स्कोरहरू प्रयोग गर्छन्?** | शिक्षकहरूले निर्देशन सूचित गर्न, अध्ययन व्यक्तिगतकरण गर्न र व्यक्तिगत विद्यार्थीहरूको विकास निरीक्षण गर्नको लागि स्कोर प्रयोग गर्न सक्नुहुन्छ। प्रधानाध्यापक र प्रशासकहरूले ग्रेड स्तर, विद्यालय वा समग्र डिस्ट्रिक्टको कार्यसम्पादन र प्रगति हेर्नको लागि स्कोरहरू प्रयोग गर्न सक्नुहुन्छ। |
| **MAP Growth ले मलाई मेरो बच्चाले ग्रेड स्तरमा काम गरिरहनुभएको छ वा छैन भनी बताउन सक्छ?** | सक्छ, तर कृपया MAP Growth स्कोरहरू शिक्षकहरूले विद्यार्थीले कस्तो प्रदर्शन गरिरहनुभएको छ भनी निर्धारण गर्न प्रयोग गरिने एउटा डाटा पोइन्ट मात्र हुन भन्ने कुरालाई ध्यानमा राख्नुहोस्। कृपया तपाईंसँग आफ्नो बच्चाको कार्यसम्पादन बारे भएको कुनै पनि प्रश्नमा उहाँको शिक्षकसँग छलफल गर्नुहोस्। |
| **मेरो बच्चाले प्राय: कति पटक MAP Growth जाँचहरू दिनुहुनेछ?** | धेरैजसो विद्यालयहरूले विद्यार्थीहरूलाई विद्यालय वर्षको सुरुवात, मध्य र अन्त्यमा (शरद, हेमन्त र वसन्त ऋतुमा) MAP Growth जाँचहरू लिन्छन्। केही विद्यालयहरूले एक वर्षमा दुई पटक मात्र जाँचहरूको व्यवस्था गर्ने निर्णय लिन्छन्। |
| **मानक भनेको के हो?** | NWEA ले विद्यालयहरूलाई यु.एस. वरिपरिका 10 मिलियनभन्दा बढी विद्यार्थीहरूका नामरहित डाटा उपयोग गरेर मानकहरू उपलब्ध गराउँछ। यी सबै विद्यार्थीहरूको संयुक्त उच्चतम, मध्यम र न्यूनतम स्कोरहरू थाहा पाउनाले शिक्षकहरूलाई तपाईंले बच्चा अन्य विद्यार्थीहरूको स्तरमा कहाँ हुनुहुन्छ भनी तुलना गर्ने र उहाँलाई विकास गर्नमा मद्दत गर्ने अनुमति दिन्छ। यसका साथै, NWEA ले यु.एस. बाहिर MAP प्रयोग गरेर निजी, प्रमाणीत, अङ्ग्रेजी भाषा आधारित, अन्तर्राष्ट्रिय विद्यालयहरूलाई तुलानात्मक डाटा उपलब्ध गराउँछ। |
| **MAP Growth ले जाँच मानकीकृत बनाउँछ?** | MAP Growth विद्यालय वर्षको अवधिमा समय समयमा व्यवस्थित गरिन्छ। सबै विद्यार्थीहरूलाई समान प्रश्नहरू सोध्नुको सट्टामा, यसले प्रत्येक बच्चाको कार्यसम्पादनलाई—उहाँहरूलाई थाहा भएको कुराको थप सही मापन गरेर समायोजन गर्छ। शिक्षकहरूले पनि तुरुन्तै नतिजाहरू प्राप्त गर्नुहुन्छ, जसले उहाँहरूलाई थप द्रुत रूपमा प्रतिक्रिया जनाउन सक्षम गराउँछ। |
| **MAP Growth जाँचहरूमा कस्ता प्रकारका प्रश्नहरू सोधिन्छन्?** | MAP Growth जाँचहरूमा बहुविध छनोट, ड्र्याग-र-ड्रप र अन्य प्रकारका प्रश्नहरू समावेश हुन्छन्। नमूना जाँचहरूका लागि, Warmup.NWEA.org मा जानुहोस्। |

**MAP Growth जाँचको तयारी गर्नमा सुझावहरू प्राप्त गर्नको लागि, हाम्रो ब्लगमा हेर्नुहोस्:**
**nwea.org/blog/category/supporting-families/**
**परिवार सम्बन्धी थप स्रोतहरू nwea.org/familytoolkit मा फेला पार्नुहोस्**

nwea

NWEA मूल्याङ्कन समाधान, गहन पहुँचयोग्य रिपोर्ट, पेशागत अध्ययन प्रस्ताव र अनुसन्धान सेवाहरू उपलब्ध गराएर विश्वव्यापी रूपमा विद्यार्थी र शिक्षकहरूलाई सहायता गर्ने गैर-नाफामूलक संस्था हो। NWEA ले सबै बच्चाहरूलाई सिक्नमा मद्दत गर्नको लागि तपाईंसँग कसरी साझेदारी गर्न सक्छ भन्ने फेला पार्न NWEA.org मा जानुहोस्।

© 2019 NWEA। NWEA र MAP दर्ता गरिएका व्यापारचिन्हहरू हुन् र MAP Growth यु.एस. र अन्य राष्ट्रहरूमा रहेको NWEA को व्यापारचिन्ह हो।
Illustrations © Adam Simpson and Heart 2017 । उल्लिखित अन्य कम्पनीहरू र तिनीहरूका उत्पादनहरूका नामहरू सम्बन्धित मालिकहरूका व्यापारचिन्हहरू हुन्।

जुलाई19 | KAP3940